# कीर्तिपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कीर्तिपुर, काठमाडौं

## मेसिन खरिदको सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७९/०३/१३)**

यस नगरपालिका अन्तर्गत संचालीत कीर्तीपुर अस्पताललाइ आवश्यक पर्ने उपकरण Anaesthaesia machine,Biomedical waste sterilizer,Vaccine refrigerator,Flexible video laryngoscope,OT table र Glass door lab refrigerator एक/एक थान सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ अनुसारको सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थाहरुले निम्न बमोजिमका उल्लेखित शर्तहरुको अधिनमा रही १५ दिन भित्र सिलबन्दी बोलपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. शिलबन्दी बोलपत्र दाखिला गर्दा आफुले कबुल गरेको दर अंक र अक्षरको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकम धरौटीको रुपमा यस नगरपालिकाको नाममा कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय कीर्तिपुरमा रहेको धरौटी खात नं. **०२११११०००४७२७७१२५** मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ।

२. बोलपत्र दाताले कबोल गरेको दर रेट अंक अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। र फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

३. प्रत्येक सिलबन्दी बोलपत्र दाताले बोलपत्र फारममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नुपर्नेछ।

४. आपूर्तिकर्ताले आवश्यक सामाग्रीको कम्तिमा २ (दुई) बर्षको वारेन्टी दिनुपर्नेछ।

५. बोलपत्र दाताले बोलपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम मात्र खरिद गर्नु पर्नेछ। साथै रीत नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दी बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

६. खरीद गरिने सामानको बोलपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारका हुनु पर्ने छ। यदि स्पेशिफिकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त सामान स्वीकार गरिने छैन ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगट्टै कार्यालय खुलेको दिन र समयमा बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिनेछ।

८. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुने छ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, कार्यालय समय भित्र कार्यालयको फोन नं. ०१-४३३१६९३, ०१-४३३१८०५ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ।